(सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनांको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८२ साल माघ १ गते देखि २०८२ साल चैत्र मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु समेटी तयार पारिएको

**(स्वत: प्रकाशन)**

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौ

फोन: ०१-४२००३०६ इमेल: goodgov.section@mofaga.gov.np

२०८३ वैशाख १५

२०८२ साल माघ १ गते देखि २०८२ साल चैत्र मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु समेटी तयार पारिएको (स्वतः प्रकाशन)

---

प्रकाशकः नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
क्षमता विकास महाशाखा
सुशासन प्रबर्द्धन शाखा

फोन नं.: ०१-४२००३०६

वेवसाइटः www.mofaga.gov.np

इमेलः goodgov.section@mofaga.gov.np

प्रकाशनः २०८३ वैशाख १५

# बिषयसूची


| क.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | मन्त्रालयको स्वरुप र प्रकृति | १ |
| २. | मन्त्रालयका कार्यहरु | २ |
| ३. | मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण | ३ |
| ४. | मन्त्रालयबाट प्रदान गरिने सेवा | ११ |
| ५. | मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी | १२ |
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | १३ |
| ७. | निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी | १३ |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | १४ |
| ९. | सम्पादन गरेका मुख्य मुख्य कामको विवरण | १४ |
| १०. | सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद | २५ |
| ११. | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | २५ |
| १२. | मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण | २६ |
| १३. | मन्त्रालय/निकायमा परेको सूचना माग सम्बन्धी निवेदन | २६ |
| १४. | मन्त्रालयले गरेको सूचना सम्बन्धी थप कामहरु | २७ |
| १५. | मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन | २७ |
| १६. | मन्त्रालयले बर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण | २७ |
| १७. | ऐन नियम तथा निर्देशिकाको सूची | २७ |

## १. मन्त्रालयको स्वरुप र प्रकृति

नेपाल सरकार (कार्यविभाजन) (पहिलो संशोधन) नियमावली, २०७४ को अनुसुची- १ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थापना भएको हो। नेपालको संविधान, २०७२ जारी भएपछि सङ्घीयताको कार्यान्वयन शुरु भएको तथा संघीयताको कार्यान्वयन सँगै सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भूमिका बढेको छ । मुख्यतया संघ, प्रदेश र स्थानीय तहमा कर्मचारीको व्यवस्थापन, विकास, निर्माण, सुशासन, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने जस्ता विषयमा यस मन्त्रालयको भूमिका केन्द्रित रहेको छ।

नेपालको संविधान, २०७२ को धारा २९५ को उपधारा ३ बमोजिम गठन भएका गाउँपालिका, नगरपालिका मिति २०७३।११।२७ देखि लागू हुने गरी ६ वटा महानगरपालिका, ११ वटा उपमहानगरपालिका २७६ वटा नगरपालिका, ४६० वटा गाउँपालिका गरी ७५३ वटा गाउँपालिका र नगरपालिका कायम भएको छ । जसबाट जनताको अधिकार जनताकै घरदैलोमा पुगेको छ । यस मन्त्रालय अन्तर्गत निजामती अस्पताल, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय किताबखाना, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान गरी ४ वटा विभागिय कार्यालयका अतिरिक्त ७७ वटा जिल्ला समन्वय समिति क्रियाशील रहेका छन् ।
मन्त्रालयको कार्यसञ्चालनका लागि नेपालको संविधान, २०७२ अनुरुप राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व समेतलाई आत्मसात गरी कार्य हुँदै आएको छ ।

**स्थानीय तहको विवरण**

| | |
|---|---|
| जिसस | ७७ |
| गाउंपालिका | ४६० |
| नगरपालिका | २७६ |
| उपमहानगरपालिका | ११ |
| महानगरपालिका | ६ |
| म.न.पा. वडा | १७४ |
| उ.म.न.पा वडा | २३४ |
| न.पा वडा | ३११९ |
| गा.पा. वडा | ३२१६ |
| जम्मा वडा संख्या | ६७४३ |

स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा समय-समयमा जारी भएका स्थानीय तह सम्बन्धी विभिन्न क्षेत्रगत कार्यविधि तथा निर्देशिकाले मार्ग निर्देशन गर्दैआएका छन् ।

नवगठित स्थानीय तहहरुबाट हुने सेवा प्रवाहमा प्रभावकारिता, गुणस्तरीयता तथा एकरुपता होस् भन्ने हेतुले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु जारी गरिएको छ ।

## १. मन्त्रालयका कार्यहरुः

नेपालको संविधानको धारा ८२ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्ले नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ तर्जुमा गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको कार्यहरु देहाय बमोजिम तोकेको छः

१. संघ र स्थानीय तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वय;
२. स्थानीय तहको सङ्ख्या, सिमाना, वडा र केन्द्र निर्धारणसम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजीकरण;
३. विशेष, संरक्षित र स्वायत्त क्षेत्रको सीमाङ्कन र संरचनासम्बन्धी नीति, कानुन र मापदण्ड;
४. राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोग;
५. स्थानीय पूर्वाधार विकाससम्बन्धी नीति, कानुन, मापदण्ड, प्रविधि विकास र अनुसन्धान;
६. स्थानीय तहका पदाधिकारी र कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानुन, मापदण्ड;
७. सङ्घीय निजामती तथा अन्य सङ्घीय सरकारी सेवाका निवृत्तिभरणलगायत अवकाशजन्य सुविधासम्बन्धी नीति, मापदण्ड र व्यवस्थापन;
८. सङ्घीय कर्मचारी निकायसम्बन्धी कार्य;
९. सार्वजनिक सेवा प्रवाहसम्बन्धी नीति, कानुन र मापदण्ड;
१०. संगठन तथा व्यवस्थापन सर्भेक्षणसम्बन्धी नीति, कार्यान्वयन र समन्वय;
११. प्रशासनिक सुधारसम्बन्धी नीति, योजना, समायोजन र समन्वय;
१२. सङ्घीय निजामती सेवा र अन्य सरकारी सेवा सञ्चालनसम्बन्धी नीति, कानुन, मापदण्ड तथा सेवा, समूह र उपसमूहको व्यवस्थापन;
१३. सङ्घीय निजामती सेवा र अन्य सङ्घीय सरकारी सेवाहरूको व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहमा समायोजन र अन्तरप्रदेश कर्मचारी समन्वय एवं व्यवस्थापन;
१४. कर्मचारी कल्याणसम्बन्धी नीति, कानुन र मापदण्ड;
१५. संघ, प्रदेश र स्थानीय तहमा रहने पदहरूको दरबन्दी सिर्जनासम्बन्धी नीति र मापदण्ड;
१६. बढुवा समितिको सचिवालय;
१७. सङ्घीय निजामती तथा अन्य सङ्घीय सरकारी सेवाका पदाधिकारीको सेवा, सर्त, सुविधा;

१८. संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरूको न्यूनतम शैक्षिक योग्यतासम्बन्धी नीति, कानुन र मापदण्ड;
१९. स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधासम्बन्धी नीति र मापदण्ड;
२०. सङ्घीय निजामती तथा अन्य सङ्घीय सरकारी सेवाको तालिमसम्बन्धी नीति, कानुन, मापदण्ड, अध्ययन, अनुसन्धान र विकास;
२१. सार्वजनिक पदाधिकारीहरूको क्षमता विकाससम्बन्धी नीति र मापदण्ड;
२२. प्रशासकीय अभिलेख र तथ्याङ्क;
२३. निजामती अस्पताल र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान;
२४. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय;
२५. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन, राष्ट्रसेवक कर्मचारी सम्वद्ध संघसंस्था;
२६. रज्जूमार्ग, केबलकार सम्बन्धी नीति कानून र मापदण्ड
२७. नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा र नेपाल विविध सेवाको सञ्चालन
२८. नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूहको जनरल उपसमूहको सञ्चालन


## ३. मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या एवम् कार्य विवरण

### (क) संगठन संरचना

नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको संगठन संरचना

अनुसूची १



(ख) कर्मचारी संख्या

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | उपसमूह | कूल दरबन्दी |
|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | | | | १ |
| २ | सहसचिव | रा.प.प्रथम | प्रशासन | | | ६ |
| ३ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | सा.प्रशासन | | १८ |
| ४ | उपसचिव | रा.प.द्वितीय | प्रशासन | लेखा | | १ |
| ५ | उपसचिव | रा.प.द्वितीय | न्याय | कानून | | १ |
| ६ | निर्देशक (कम्प्युटर) | रा.प.द्वितीय | विविध | | | १ |
| ७ | प्रमुख पुस्तकालय अधिकृत | रा.प.द्वितीय | शिक्षा | पुस्तकालय | | १ |
| ८ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्रशासन | | ३९ |
| ९ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | | २ |
| १० | कानून अधिकृत | रा.प.तृतीय | न्याय | कानून | | १ |
| ११ | कम्प्युटर ईन्जिनीयर | रा.प.तृतीय | विविध | | | १ |
| १२ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | | १ |
| १३ | नायव सुव्वा | रा.प.अनं.प्र. | प्रशासन | सा.प्रशासन | | २७ |
| १४ | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन | लेखा | | २ |
| १५ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र. | विविध | | | ८ |
| १६ | पुस्तकालय सहायक | रा.प.अनं.प्र. | शिक्षा | पुस्तकालय | | १ |
| १७ | टाइपिष्ट ना.सु. | रा.प.अनं.प्र. | प्रशासन | सा.प्रशासन | | २ |
| १८ | हलुका सवारी चालक | श्रेणी विहीन | इन्जि | मे.ई. | ज.मे. | १२ |
| १९ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | सा.प्र. | | २३ |
| | जम्मा | | | | | १४८ |

(ग) कार्य विवरण

## (क) आन्तरिक व्यवस्थापन महाशाखा

- मन्त्रालय र अन्तरगतका निकायहरुको जनशक्ति व्यवस्थापन, आर्थिक प्रशासन र आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,
- मन्त्रालयको जिन्सी व्यवस्थापन र मर्मत सम्भार सम्बन्धी कार्य गर्ने, गराउने,
- भौतिक सम्पत्तिको सुरक्षा, मर्मत सम्भार आदि गर्ने, गराउने,

- सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम सरकारी खरिद सम्बन्धी कार्य गर्ने, खरिद भएको जिन्सी सामानको दाखिला, निरीक्षण र खर्च सम्बन्धी कार्य गर्ने, गराउने,
- लिलाम विक्री सम्बन्धी कार्य गर्ने, गराउने,
- मन्त्रालय र अन्तरगतका निकायहरूको बेरुजु फछ्र्यौट गर्ने, गराउने,
- मन्त्रालय र अन्तरगतका निकायहरुमा रहेका कर्मचारीहरुको जनशक्ति विकास र तालिम सम्बन्धी कार्यहरु गर्ने, गराउने,
- मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पादित कार्यका विषयमा प्राप्त उजुरी, गुनासा आदिको जाँचबुझ तथा छानविन सम्बन्धी कार्य गर्ने, गराउने,
- कर्मचारीहरुको गुनासो सम्बोधन सम्बन्धी कार्य गर्ने, गराउने,
- मन्त्रालयको पुस्तकालय व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,
- मन्त्रालयका कर्मचारीहरुको विभागीय कारवाही तथा पूरस्कार लगायतका कार्यहरु गर्ने गराउने,
- मन्त्रालयसंग सम्बन्धित कर्मचारीहरुको अध्ययन, असाधारण लगायतका बिदाहरु सम्बन्धी कार्य गर्ने, गराउने,
- मन्त्रालयको सांगठनिक एवं प्रशासनिक प्रक्रियाको व्यवस्थापन सम्बन्धमा आवश्यक Standard Operating Procedure (SOP) बनाउने,
- सूचना, अभिलेख तथा विद्युत्तीय शासन सम्बन्धी नीति, कानून, योजना, कार्यक्रम तथा समन्वय सम्बन्धी कार्य,
- सूचना संकलन, संग्रह, अभिलेख र प्रकाशन सम्बन्धी कार्य,
- मन्त्रालय तथा स्थानीय तहमा आधुनिक सूचना प्रविधिको विकास र उपयोग सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गतका निकायहरुमा कार्यरत कर्मचारीहरुको स्वदेश र वैदेशिक भ्रमणको सिफारिस, मनोनयन तथा अभिलेख व्यवस्थापन सम्बन्धी कार्य ।
- अन्य शाखा तथा महाशाखाको कार्य विवरणमा अस्पष्टता भएमा स्पष्ट पार्ने कार्य,

## (ख) संघीय मामिला महाशाखा

- सङ्घीयता कार्यान्वयनमा आवश्यक समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- सङ्घीय शासन व्यवस्था सम्बन्धी अध्ययन, अनुसन्धान तथा असल अभ्यासहरुको आदान प्रदान सम्बन्धी कार्य,
- संघ र स्थानीय तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वय सम्बन्धी कार्य,
- गाउँपालिका तथा नगरपालिकाको संख्या, सीमाना, वडा र केन्द्र निर्धारण तथा हेरफेर र नामाकरण सम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजिकरण सम्बन्धी कार्य,
- विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या, सीमाना र संरचना सम्बन्धी नीति, कानून तथा मापदण्ड सम्बन्धी कार्य,

- पञ्जिकरण र व्यक्तिगत घटना दर्ता सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम कार्यान्वयन तथा समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहका पदाधिकारीको सुविधा सम्बन्धी नीति र मापदण्ड निर्धारण सम्बन्धी कार्य,
- संविधान तथा सङ्घीय कानून बमोजिम स्थानीय तहलाई आवश्यक निर्देशन दिने सम्बन्धी कार्य,
- प्रदेश र स्थानीय तहबीचको विवाद एवम् समस्या समाधानमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- प्रदेश, स्थानीय तह र विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,
- प्रदेश र स्थानीय तह सम्बन्धी सङ्घीय कानून तथा स्थानीय तहको नमूना कानून, मापदण्ड र ढाँचा उपलव्ध गराउने सम्बन्धी कार्य,
- स्थानीय तहको अभिलेख व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसंग सम्बन्धित नीति, कानून, योजना तथा कार्यक्रम समन्वय सम्बन्धी कार्य,
- सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रममा समन्वय र अभिलेखिकरण सम्बन्धी कार्य,
- स्थानीय तहमा सामाजिक परिचालन समन्वय सम्बन्धी कार्य,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सम्बन्धित केन्द्रीय परियोजना सल्लाहकार समिति (CPAC) सम्बन्धी कार्य ।
- राष्ट्रिय तथा स्थानीय गैर सरकारी संस्थासँग सम्बन्धित नीतिगत समन्वय सम्बन्धी कार्य,
- सङ्घीयता सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासहरुको संकलन र प्रचारप्रसार सम्बन्धी कार्य ।
- सङ्घीय मामिला अध्ययन स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य ।
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः
    - निर्वाचन आयोग
    - राष्ट्रिय दलित आयोग,
    - राष्ट्रिय समावेशी आयोग,
    - आदिवासी जनजाती आयोग,
    - राष्ट्रिय महिला आयोग
    - मधेशी आयोग,
    - थारु आयोग
    - मुस्लिम आयोग
    - समाज कल्याण परिषद
    - आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान

## (ग) कर्मचारी प्रशासन महाशाखा

- नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल इन्जिनियरिङ सेवा सिभिल समूह जनरल उपसमूह, विविध सेवा तथा यी अन्तर्गतका समूह तथा उपसमूहहरुको संचालन,
- संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको न्यूनतम शैक्षिक योग्यता सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
- निजामती सेवाका सबै पद तथा पदाधिकारीहरुको लागि कार्य विवरण तयारी तथा अद्यावधिक,
- संघीय निजामती कर्मचारीहरुको अन्तर मन्त्रालय सरुवा,
- संघीय निजामती कर्मचारीहरुको पुरस्कार र दण्ड सम्वन्धी कार्य,
- कानूनी राय/परामर्श, आदेश तथा फैसला कार्यान्वयन सम्बन्धी कार्य,
- बढुवा समितिको सचिवालय सम्वन्धी कार्य,
- संघीय निजामती कर्मचारी प्रशासनको केन्द्रीय कर्मचारी निकाय सम्बन्धी कार्य,
- प्रशासकीय अभिलेख र तथ्यांक सम्बन्धी कार्य,
- आर्थिक प्रशासन तथा वेरुजु सम्बन्धी कार्य,
- आन्तरिक तथा जिन्सी व्यवस्थापन सम्बन्धी कार्य,
- नेपाल सरकारका अस्थायी र आवधिक प्रकृतिका आयोजनाहरुको अस्थायी दरवन्दी स्वीकृती सम्बन्धी कार्य,
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः
    - ➢ प्रशासकीय अदालत
    - ➢ निजामती कितावखाना
- अन्य महाशाखामा उल्लेख नभएका तथा तोकिए बमोजिमका अन्य कार्य ।

## (घ) योजना तथा विकास सहायता समन्वय महाशाखा

- स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति, कानून, मापदण्ड, प्रविधि विकास र अनुसन्धान सम्बन्धी कार्य,
- फोहरमैला व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, समन्वय र सहजिकरण सम्बन्धी कार्य,
- स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुको वैदेशिक भ्रमण सम्बन्धी नीति, कानून र मापदण्ड निर्धारण र समन्वय सम्बन्धी कार्य,
- मन्त्रालयसँग सम्बन्धित राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय सम्बन्धी कार्य,
- योजना तथा अन्तर्राष्ट्रिय सहयोग सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम निर्माण तथा समन्वय,
- संघीय मामिला सम्बन्धी अन्तर्राष्ट्रिय संघ, संस्था र सञ्जालसँगको समन्वय सम्बन्धी कार्य,

- मन्त्रालय एवं अन्तर्गत निकायको लागि आवधिक तथा रणनैतिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट र कार्यक्रम सम्बन्धी कार्य,
- स्थानीय तहको आवधिक, बार्षिक, रणनैतिक तथा अन्य विकास योजना सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- संघ, प्रदेश र स्थानीय तहबीचको योजना प्रणालीबीच समन्वय र तादाम्यता सम्बन्धी कार्य,
- नेपाल सरकारबाट स्थानीय तहलाई प्रदान गरिने अनुदान सम्बन्धमा समन्वय सम्बन्धी कार्य,
- अन्तर सरकारी वित्तिय सम्बन्ध सुदृढीकरणमा समन्वय तथा स्थानीय सरकारको वित्तिय ढाँचा निर्माणको नमुना विकास सम्बन्धी कार्य,
- अन्तर-स्थानीय तह विकास योजना, परियोजना र कार्यक्रमको समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय तहको योजना प्रणालीमा विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,
- विकास सहायता नीति अन्तर्गत स्थानीय तहमा अन्तर्राष्ट्रिय सहयोग परिचालनमा समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय तहको अन्य मुलुकका स्थानीय तहसँगको भगिनी सम्बन्ध विस्तार सम्बन्धी कार्य,
- विशेष, संरक्षित तथा स्वायत्त क्षेत्र र पिछडिएको क्षेत्रको विकास व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय तहको वस्तुगत विवरण, योजनागत तथ्यांक, प्रगति समीक्षा र प्रतिवेदन सम्बन्धी कार्यको अभिलेखिकरण र समन्वय सम्बन्धी कार्य,
- अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यक्रम तर्जुमा एवम् कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
- अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा कार्यक्रम र आयोजनाको नियमित अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य,
- आयोजना कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न मन्त्रालयस्तरीय समस्या समाधान समिति सम्बन्धी कार्य,
- स्थानीय स्तरमा वातावरण व्यवस्थापन र दिगो विकास सम्बन्धी नीति, कानून, कार्यक्रम तथा प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकनमा समन्वय सम्बन्धी कार्य,
- भूउपयोग र वस्ती विकास योजना कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहमा विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन सम्बन्धी नीति तथा कार्यक्रमको सहजीकरण, समन्वय तथा अनुगमन र मूल्यांकन सम्बन्धी कार्य,
- स्थानीय तहमा विपद् पूर्व सूचना केन्द्र स्थापनामा सहयोग र अन्तरनिकाय समन्वय सम्बन्धी कार्य,
- वारुणयन्त्र तथा अग्नि नियन्त्रण सम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय तहमा भवनसंहिता तथा भवनसम्बन्धी मापदण्ड कार्यान्वयनमा समन्वय सम्बन्धी कार्य,
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः
    - ➢ राष्ट्रिय योजना आयोग,

- ➢ स्थानीय पूर्वाधार व्यवस्थापन विभाग
- ➢ सडक वोर्ड नेपाल
- ➢ लगानी वोर्ड नेपाल
- ➢ नगर विकास कोष

## (ङ) क्षमता विकास महाशाखा

- सार्वजनिक पदाधिकारी, स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास सम्बन्धी नीति, मापदण्ड, योजना, कार्यक्रम, पाठ्यक्रम तर्जुमा, कार्यान्वयन र समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहको संस्थागत सुदृढीकरण तथा सशक्तिकरण सम्बन्धी कार्य,
- स्थानीय तहको जनशक्ति विकास नीति, योजना तथा कार्यान्वयन सम्बन्धी कार्य,
- विकासका बहुआयामिक र अन्तरसम्बन्धित विषयहरुको कार्यान्वयनमा क्षमता विकास सम्बन्धी कार्य,
- स्थानीय तहको न्यायिक समितिको क्षमता विकास सम्बन्धी कार्य,
- स्थानीय तहको क्षमता विकास सम्बन्धी कार्यमा विषयगत मन्त्रालयसँगको सम्पर्क, सहयोग तथा समन्वय सम्बन्धी कार्य,
- स्थानीय तहको क्षमता विकास सम्बन्धमा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानसंगको समन्वय र सहकार्य सम्बन्धी कार्य,
- सूचना, अभिलेख तथा विद्युत्तीय शासन सम्बन्धी नीति, कानून, योजना, कार्यक्रम तथा समन्वय सम्बन्धी कार्य,
- सूचना संकलन, संग्रह, अभिलेख र प्रकाशन सम्बन्धी कार्य,
- मन्त्रालय तथा स्थानीय तहमा आधुनिक सूचना प्रविधिको विकास र उपयोग सम्बन्धी कार्य,
- सुशासन प्रवर्द्धन तथा उजुरी व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय आर्थिक विकासमा सहयोग तथा सहजीकरण सम्बन्धी कार्य,
- स्थानीय स्रोत परिचालन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान तथा विश्लेषण सम्बन्धी कार्य,
- स्थानीय तहका राजश्व परिचालन क्षमतामा लेखाजोखा र सुधार सम्बन्धी कार्य,
- संघीय प्रणाली सम्बन्धी श्रोत केन्द्र स्थापना र सञ्चालन सम्बन्धी कार्य,
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः
  - ➢ संघीय संसद
  - ➢ अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
  - ➢ राष्ट्रिय मानवअधिकार आयोग,
  - ➢ राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग,
  - ➢ राष्ट्रिय सूचना आयोग,
  - ➢ राष्ट्रिय सतर्कता केन्द्र

- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान
- प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम

### (च) प्रशासन सुधार महाशाखा

- राष्ट्रिय निजामती सेवा नीति सम्बन्धी कार्य,
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका निवृत्तिभरण लगायत अवकाशजन्य सुविधासम्बन्धी नीति, कानून र मापदण्ड र व्यवस्थापन सम्बन्धी कार्य,
- सार्वजनिक सेवा प्रवाह सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
- प्रशासनिक सुधार सम्बन्धी नीति, योजना, समायोजन र समन्वय सम्बन्धी कार्य,
- कर्मचारी कल्याण सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
- व्यवस्थापन परीक्षण सम्बन्धी नीति, योजना तथा कार्यक्रम संचालन र समन्वय,
- प्रशासन सुधार सम्बन्धी अध्ययन, अनुसन्धान तथा नीति तर्जुमा र कार्यान्वयन
- संघीय निजामती तथा अन्य सरकारी सेवाको तालिमसम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धमा अध्ययन, अनुसन्धान र विकास सम्बन्धी कार्य,
- स्वदेशी तथा विदेशी अध्ययन, अवलोकन भ्रमण तथा तालीम सम्बन्धी कार्य,
- नेपाल सरकारको नीति र कार्यक्रमको सफल कार्यान्वयनका लागि आवश्कता अनुसार प्रशासकीय व्यवस्थापन र कार्यविधिमा पुनरावलोकन,
- संघीय निजामती कर्मचारीको सेवा, सुविधा तथा प्रोत्साहन सम्बन्धी कार्य,
- राष्ट्रसेवक कर्मचारी संवद्ध संघ संस्था सम्बन्धी कार्य गर्ने
- देहायका आयोग, समिति, प्रतिष्ठान, विभाग तथा निकायको सम्पर्क महाशाखाको रुपमा कार्य गर्नेः
  - नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
  - निजामती अस्पताल
  - कर्मचारी तालिम प्रतिष्ठान

## ४. मन्त्रालयवाट प्रदान गरिने सेवा

मन्त्रालयबाट सूचना माग सम्बन्धी सेवा सूचनाको हक सम्बन्धी ऐन/नियम अनुसार प्रदान हुने गरेको छ । बिभाग, समिति, प्रतिष्ठान, आयोग तथा स्थानीय तहहरुबाट हुने गरेको क्रियाकलापमा मन्त्रालयले नीतिगत कार्य र समन्वय गर्ने तथा सो बिरुद्धको उजुरी तथा गुनासो सुन्ने गरेको छ ।

## ५. मन्त्रालय, महाशाखा, शाखा र जिम्मेवार अधिकारी एवं सम्बन्धित प्रमुख

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको कार्यक्षेत्र भित्र समाहित गरिएको विभिन्न क्रियाकलापहरु संचालन गर्न मन्त्रालयमा देहाय बमोजिमका शाखा/महाशाखाहरुको व्यवस्था गरिएको छ । सो अनुसार मन्त्रालयका महाशाखा तथा शाखाहरुबाट सम्पादन गर्नुपर्ने गरी निर्दिष्ट गरिएको कार्यविवरण बुँदा नं. ३ मा उल्लेख गरिसकिएको छ ।

| सि.नं. | महाशाखा, शाखा, कार्यक्रम एवम् सम्बद्ध निकायको जिम्मेवार अधिकारीको विवरण | जिम्मेवार अधिकारीको पद | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| | **सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय** | सचिव | श्री चन्द्रकला पौडेल |
| १ | **सङ्घीय मामिला महाशाखा** | सहसचिव | श्री प्रकाश दाहाल |
| | ▪ सङ्घीय मामिला शाखा | उपसचिव | श्री दिपक ढकाल |
| | ▪ स्थानीय तह समन्वय शाखा | उपसचिव | श्री हरि प्रसाद चापागाँई |
| | ▪ सामाजिक समावेशीकरण शाखा | उपसचिव | श्री विष्णु कुमारी भुसाल |
| २ | **कर्मचारी प्रशासन महाशाखा** | सहसचिव | श्री पार्वती शर्मा |
| | ▪ सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री अनुज घिमिरे |
| | ▪ स्थानीय तह कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री भेषराज खनाल |
| | ▪ बढुवा शाखा | उपसचिव | श्री अश्विन कुमार पोखरेल |
| ३ | **योजना तथा विकास सहायता समन्वय महाशाखा** | सहसचिव | श्री निता पोखरेल अर्याल |
| | ▪ योजना तथा अनुगमन शाखा | उपसचिव | श्री अनुषा कोइराला |
| | ▪ विकास सहायता समन्वय शाखा | उपसचिव | श्री प्रल्हाद कुमार कार्की |
| | ▪ वातावरण तथा विपद व्यवस्थापन शाखा | उपसचिव | श्री मोहन कुमार घिमिरे |
| ४ | **क्षमता विकास महाशाखा** | सहसचिव | श्री डिलाराम पन्थी |
| | ▪ क्षमता विकास शाखा | उपसचिव | श्री माधवप्रसाद ढकाल |
| | ▪ सुशासन प्रबर्द्धन शाखा | उपसचिव | श्री विवेक घिमिरे |
| | ▪ स्रोत परिचालन समन्वय शाखा | उपसचिव | श्री गंगाधर पौडेल |
| ५ | **प्रशासन सुधार महाशाखा** | सहसचिव | श्री एकदेव अधिकारी |
| | ▪ मानव संसाधन योजना शाखा | उपसचिव | श्री लेखनाथ न्यौपाने |

| | | | |
|---|---|---|---|
| | ▪ प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा | उपसचिव | श्री महेन्द्र विश्वकर्मा |
| | ▪ कर्मचारी कल्याण शाखा | उपसचिव | श्री दीपक ढकाल |
| ६ | आन्तरिक व्यवस्थापन महाशाखा | सहसचिव | श्री .................. |
| | आन्तरिक व्यवस्थापन शाखा | उपसचिव | श्री भुवनेश्वर लामिछाने |
| | आर्थिक प्रशासन शाखा | उपसचिव | श्री याम प्रसाद ढुंगाना |
| | कानून तथा फैसला कार्यान्वयन शाखा | उपसचिव | श्री मधु पौडेल ज्ञवाली |
| | सूचना प्रविधि शाखा | उपसचिव | श्री राजकृष्ण श्रेष्ठ |
| ७ | प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम | राष्ट्रिय कार्यक्रम व्यवस्थापक | श्री तिर्थ प्रकाश पौडेल |
| ८ | तराई-मधेश समृद्धि कार्यक्रम | कार्यक्रम निर्देशक | श्री टोलराज उपाध्याय |
| ९ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | कार्यकारी निर्देशक | श्री कानुन लाल चौधरी |
| १० | राष्ट्रिय किताबखाना (निजामती) | महानिर्देशक | श्री श्रवण कुमार पोखरेल |
| ११ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | कार्यकारी निर्देशक | श्री रामशरण पुडासैनी |
| १२ | निजामती कर्मचारी अस्पताल | कार्यकारी निर्देशक | प्रा. डा. मोहन चन्द्र रेग्मी |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

(१) सेवा प्राप्त गर्न लाग्ने दस्तुर

सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिम र अन्य बिशेष कानूनले तोके बमोजिमको दस्तुर ।

(२) सेवा प्राप्त गर्न लाग्ने अवधि

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र अन्य बिशेष कानूनले अवधि तोकेकोमा सोही बमोजिम ।

## ७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आबश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रकृया अगाडी बढाइने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

श्रीमान् सचिव

## ९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

### १. आर्थिक प्रशासन शाखा

- गण्डकी प्रदेशको जिल्ला समन्वय समितिको कार्यालय, स्याङ्जा र स्याङ्जा जिल्लाका स्थानीय तहहरुको बेरुजु न्युनीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- लुम्बिनी प्रदेशको जिल्ला समन्वय समितिको कार्यालय, बाँके र बर्दिया र उक्त जिल्लाहरुका स्थानीय तहहरुको बेरुजुं न्युनीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- सुदुरपश्चिम प्रदेशको जिल्ला समन्वय समितिको कार्यालय, कैलाली र कञ्चनपुर र उक्त जिल्लाहरुका स्थानीय तहहरुको बेरुजु न्युनीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- स्थानीय तहहरुको बेरुजु अभिलेख संकलन तथा अनुगमन कार्य भएको ।
- साविक जिल्ला विकास समितिको कार्यालयहरु कालिकोट, दाङ र पाल्पाको बेरुजु अद्यावधिक र डाटा संकलन कार्य भएको ।
- मन्त्रालयको लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समितिका संयोजकको उपस्थितिमा बेरुजु सम्बन्धी विभिन्न मितिमा बैठक सम्पन्न भएको ।

### २. कानून तथा फैसला कार्यान्वयन शाखा

- लिखित जवाफ पठाईएको – ४०
- कानूनी राय उपलब्ध गराईएको – ९४
- आदेश कार्यान्वयन – ४४
- राजपत्रमा सूचना प्रकाशनको लागि पठाईएको (केन्द्र परिवर्तन सम्बन्धी) – १
- दोहोऱ्याई पाउँ निवेदन दर्ता - १

### ३. सूचना प्रविधि शाखा

- नेपाल सरकार(मन्त्रिपरिषद्)को मिति २०८२/१२/१३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी १०० कार्यसूचीहरू कार्यान्वयनको सम्बन्धमा कार्यसूचीको बुँदा नं. १९ मा "कर्मचारीहरूको अद्यावधिक डिजिटल प्रोफाइल तयार गरी नियुक्ति, पदस्थापना, सरुवा, तालिम, बढुवा तथा अवकाससम्मको व्यवस्था अनुमानयोग्य र स्वचालित बनाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तीन महिनाभित्र कर्मचारी व्यवस्थापन सूचना प्रणाली(Personnel Management Information System-PMIS) को आर्किटेक्चर तयार गर्ने ।" भन्ने व्यवस्था भए अनुरुप नेपालको सार्वजनिक प्रशासनमा मानव संशाधन व्यवस्थापनलाई हाल प्रयोगमा भइरहेको अवस्थाबाट एकीकृत, पारदर्शी र अझ प्रभावकारी बनाउन हाल सञ्चालनमा रहेको PIS प्रणालीलाई PMIS

प्रणालीमा स्तरोन्नतिको सम्भाव्यता अध्ययन समेत गरी कर्मचारी व्यवस्थापन सूचना प्रणाली (PMIS) को आर्किटेक्चर तयार गर्न प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) सँगको आर्थिक तथा प्राविधिक सहकार्यमा सोको कार्यान्वयनका लागि आवश्यक सुझाव सहितको प्रतिवेदन तयार गर्न यस मन्त्रालय, प्रशासन सुधार महाशाखा प्रमुखको संयोजकत्वमा एक कार्यदल गठन गरी कार्य अगाडि बढाइएको ।

- सूचना प्रविधि विभागबाट प्राप्त वेबसाइट टेम्पलेटको सोर्सकोडलाई स्थानीय तहहरूको आवश्यकता अनुसार Feature थप गरी परिमार्जन (Upgrade), अनुकूलन (Customization) गर्न प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) सँगको आर्थिक तथा प्राविधिक सहकार्यमा कार्यक्षेत्रगत शर्त (Terms of Reference-ToR) र लागत अनुमान स्वीकृत गरी खरिद प्रक्रिया अगाडि बढाइएको ।
- शैक्षिक प्रोत्साहन वृत्ति व्यवस्थापन प्रणाली (सन्तती) को अपग्रेड तथा समस्या समाधान गर्ने सम्बन्धी कार्यको परामर्श सेवा खरिदका लागि सम्झौता सम्पन्न ।
- कर्मचारी सरुवा व्यवस्थापन प्रणालीको स्तरोन्नति तथा समस्याहरूको समाधान गर्ने सम्बन्धी कार्य प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) सँगको आर्थिक तथा प्राविधिक सहकार्यमा परामर्श सेवाबाट खरिदका लागि सम्झौता सम्पन्न ।

## ४. संघीय मामिला शाखा

- सङ्घीयता कार्यान्वयनमा स्थानीय तहहरुसँग समन्वय तथा सहजीकरण कार्यक्रम अन्तर्गत ५ वटा स्थानीय तहहरुमा सम्पन्न गरिएको ।
- विज्ञापन व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक (नमूना कानून) स्थानीय तहमा पठाइएको ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (नमूना कानून) स्थानीय तहमा पठाइएको ।
- सर्वोच्च अदालतबाट माग गरिएका सङ्घीय पुनःसंरचना आयोग सम्बन्धी निर्णयहरु उपलब्ध गराइएको ।
- स्थानीय तहको आय विवरण माग गरिएको ।
- गुनासो फछ्र्यौटका लागि प्राप्त निवेदनहरु फछ्र्यौट गरिएको ।

## ५. स्थानीय तह समन्वय शाखा

- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि, २०८२ बमोजिमको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) सञ्चालनको लागि जिल्ला समन्वय अधिकारीहरुलाई अभिमुखिकरण ।
- जिल्ला समन्वय समितिमा स्थायी नियुक्ति भई सेवा निवृत्त १२ जना कर्मचारीको सेवा निवृत्त सुविधा भुक्तानीको लागि अर्थ मन्त्रालयमा पठाउन विवरण एकिन गरी आर्थिक प्रशासन शाखामा प्रेषित गरिएको।
- बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि युरोपियन युनियनबाट प्राप्त हुने दोस्रो किस्ता सहायता रकम प्राप्त प्राप्त गर्न आवश्यक दस्तावेजको अन्तिम परिमार्जन गरी अर्थ मन्त्रालयमा र राष्ट्रिय योजना आयोगमा लेखि पठाइएको ।

- बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत पौषण सहजकर्ताको लागि क्षमता विकास तालिम ४ वटा र स्थानीय तहमा अभिमुखिकरण ५ वटा सम्पन्न भएको ।

## ६. सामाजिक समावेशीकरण शाखा

- शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरुको बुँदा नं. ५ मा व्यवस्था गरिएको दलित तथा ऐतिहासिक रुपमा बहिषकृत समुदायमाथि राज्य, समाज र नीतिगत संरचनाबाट भएका अन्याय, विभेद र अवसरबञ्चनाको औपचारिक स्वीकारोक्ति गर्दै सामाजिक न्याय, समावेशी पुर्नस्थापना र ऐतिहासिक मेलमिलापको आधार तयार गर्न १५ दिन भित्र राज्यका तर्फबाट औपचारिक क्षमायाचना सहित सुधारमुखी कार्यक्रम घोषणा गर्ने निर्णय बमोजिमको कार्यक्रम घोषणाको लागि अवधारणापत्र तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई प्रेषित गरिएको ।
- अन्तरक्रिया, समन्वय र सहजीकरण कार्यक्रम (विभिन्न आयोगहरुसँग) सम्पन्न भएको।
- दलितको हक कार्यान्वयनको लागि तर्जुमा गर्न लागिएको दलित समुदायको हक, अधिकार र विकास सम्बन्धी विधेयकको मस्यौदा तर्जुमा गर्न नेपाल कानून आयोगमा पठाईएको ।
- "सबै प्रकारका जातिय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, १९६५" को नेपाल सरकारको तर्फबाट पेश गर्नुपर्ने आवधिक प्रतिवेदन तयारीको लागि प्रदेशस्तरीय कार्यशाला गोष्ठी दुईवटा प्रदेशमा सम्पन्न गरिएको ।
- जातीय भेदभाव तथा छुवाछुत विरुद्ध सचेतना तथा अवलोकन कार्यक्रम (राष्ट्रिय दलित आयोगको प्रतिनिधिसँग सहकार्यमा) सञ्चालन गरिएको ।
- श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट प्राप्त मन्त्रलयबाट प्राप्त लैंगिक हिंसा विरुद्धको राष्ट्रिय कार्ययोजना (आ.व. २०८२/८३- २०८६/८७) को मस्यौदामा राय प्रदान गरिएको।

## ७. संगठन विकास शाखा

- नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको देहायका निकायहरुको दरबन्दीको अभिलेख दरबन्दी व्यवस्थापन प्रणालीमा अभिलेख अद्यावधिक गरिएको:
  - गृह मन्त्रालय अन्तर्गत ९ वटा इलाका प्रशासन कार्यालय स्थापना गर्ने,
  - अर्थ मन्त्रालय र अन्तर्गतका निकायहरु,
  - महालेखा नियन्त्रक कार्यालय र अन्तर्गतका कार्यालयहरु,
  - महालेखा परीक्षकको कार्यालय र अन्तर्गतका निकायहरु,
  - भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत फिक्कल इलाम, सोताङ सोलुखुम्बु, कोल्टी बाजुरा र रामतडी मुगुमा मालपोत कार्यालय तथा नापी कार्यालय स्थापना गर्ने,
- संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ तयार भई स्वीकृतिका लागि पेश भएको,
- यस मन्त्रालय र अन्तर्गतको राष्ट्रिय किताबखाना (निजामती) को महाशाखा, शाखा र कर्मचारीहरुको कार्यविवरण अद्यावधिक गरिएको ।

## ८. बढुवा व्यवस्थापन शाखा

- राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा बढुवाका लागि सिफारिस – रिक्त एक पदमा बढुवाका लागि सिफारिस
- राजपत्राङ्कित तृतीय श्रेणीका बढुवा सूचना सङ्ख्या ८ अन्तर्गत बढुवाका लागि उम्मेदवार सिफारिस सङ्ख्या – ८० जना
- राजपत्र अनङ्कित प्रथम श्रेणीका बढुवा सूचना नं. ७ अन्तर्गत बढुवाका लागि उम्मेदवार सिफारिस सङ्ख्या – ७ जना
- बढुवा सिफारिस उपर लोक सेवा आयोगमा परेको उजुरीमा प्रतिक्रिया पठाइएको सङ्ख्या – ९
- बढुवा सिफारिस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा लिखित जवाफ पठाइएको सङ्ख्या – ३
- बढुवा सम्बन्धी विषयमा जिल्लास्तरीय बढुवा समितिमा लिखित राय/परामर्श पठाइएको – १
- लोक सेवा आयोग र प्रशासकीय अदालतको निर्णयानुसार योग्यताक्रम संशोधन सम्बन्धी निर्णय/फैसला कार्यान्वयन सङ्ख्या ७

## ९. सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा

- पदस्थापन/सरुवा/कामकाजः जना
    - राजपत्राङ्कित प्रथम श्रेणी – ७२
    - राजपत्राङ्कित द्वितीय श्रेणी – ४०
    - राजपत्राङ्कित तृतीय श्रेणी – ४२
    - राजपत्र अनङ्कित तथा श्रेणी विहिन – ९
- नियुक्ति (खुला/बढुवा/आ.प्र) नियुक्तिको लागि विभिन्न मन्त्रालयमा पठाएको समेतः जना
    - राजपत्राङ्कित प्रथम श्रेणी - २४
    - राजपत्राङ्कित द्वितीय श्रेणी – ८७
    - राजपत्राङ्कित तृतीय श्रेणी – २
    - राजपत्र अनङ्कित र श्रेणी विहिन – ०
- सरुवा/पदस्थापन/काज सहमतिः २७६ जना (विभिन्न मन्त्रालय)

## १०. स्थानीय तह कर्मचारी प्रशासन शाखा

- कामकाज/पदस्थापन/सरुवाः
    - उपसचिव – १०५
    - शाखा अधिकृत – ११२

- ना.सु./खरिदार - ४

- आर्थिक तथा प्रशासनिक जिम्मेवारी – ४२

## ११. योजना तथा अनुगमन शाखा

- नेपाल सरकारको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रममा मन्त्रालयको तर्फबाट समावेश गर्न प्रस्तावित नीति तथा कार्यक्रमको मस्यौदा तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको ।
- आर्थिक सर्वेक्षण २०८२/८३ मा समावेश गर्न मन्त्रालयका प्रस्तावित विषयहरुको मस्यौदा तयार गरी अर्थ मन्त्रालयमा पठाएको ।
- आर्थिक वर्ष २०८३/८४ को लागि मन्त्रालय अन्तर्गत सञ्चालित आयोजना/कार्यक्रमको मध्यमकालीन खर्च संरचना (आ.व. ०८३/८४ देखी ०८५/८६ सम्म) तथा वार्षिक विकास कार्यक्रम तयार गरी राष्ट्रिय योजना आयोगमा पठाइएको ।
- जिल्ला समन्वय समिति मार्फत संकलन गरिएका स्थानीय तहको असल अभ्यास सम्वन्धी प्रदेशस्तरीय अनुभव आदान प्रदान कार्यक्रम २०८२ माघ १८ देखी २० गतेसम्म कर्णाली प्रदेश र लुम्विनी प्रदेशमा सम्पन्न भएको ।
- आगामी आ.व. २०८३/०८४ को वार्षिक वजेट तथा कार्यक्रमका लागि यस मन्त्रालय र अन्तर्गतका निकायको वजेट तथा कार्यक्रम तर्जुमा गरी अर्थ मन्त्रालयमा Forward गरिएको।
- चालु आ.व. ०८२/८३ को प्रथम ६ महिनाको अर्धवार्षिक प्रगति विवरण तयार गरी अर्थ मन्त्रालयमा पठाइएको।
- विभिन्न कार्यक्रम/आयोजनाको कार्यक्रम संशोधन, रकमान्तर तथा LMBIS प्रविष्टि स्वीकृतिका लागि अर्थ मन्त्रालयमा लेखी पठाइएको ।
- विभिन्न स्थानीय तह एवम् प्रदेश मन्त्रालयवाट विविध विषयमा सिफारिसका लागि अनुरोध भई आएका पत्र सम्वन्धित मन्त्रालय र निकायमा सिफारिस गरी पठाइएको ।
- आ.व. ०८२/८३ को नीति तथा कार्यक्रम एवम् वजेट कार्यान्वयन कार्ययोजनाको मासिक प्रगति प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको Online प्रणालीमा प्रविष्टि गर्ने कार्य नियमित रुपमा भैरहेको ।

## १२. विकास सहायता समन्वय शाखा

- उच्च प्रभावयुक्त सामुदायिक विकास आयोजना (HICDPs) अन्तर्गत विभिन्न स्थानीय तह र मन्त्रालयबाट आयोजना प्रस्तावहरू अध्ययन गरी अर्थ मन्त्रालयमा सिफारिस गरिएको।
- विभिन्न स्थानीय तहहरूमा KOICA, JICA, Peace Corps Nepal र Australian Volunteers परिचालन गर्ने सम्बन्धमा आवश्यक समन्वय र सहजीकरणको काम गरिएको।
- स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूको विदेश भ्रमणको लागि आवश्यक समन्वय तथा सहजीकरणको कार्य गरिएको।

- विभिन्न स्थानीय तहले अन्य देशका स्थानीय तहसँग भगिनी सम्बन्ध स्थापना गर्ने सम्बन्धमा आवश्यक समन्वय तथा सहजीकरणको कार्य गरिएको।
- वैदेशिक सहायतामा सञ्चालित आयोजना तथा स्थानीय तह पूर्वाधारका लागि दातृ निकायहरूसँग नियमितरूपमा समन्वय गरिएको।
- माननीय मन्त्रिज्यूको नेपालस्थित विभिन्न राजदूतावासका राजदूत तथा पदाधिकारीहरूसँग शिष्टाचार लगायत विषयगत भेटघाटको लागि सहजीकरण र समन्वय गरिएको।
- आ.व. २०८२/०८३ मा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालन हुने लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका ५० वटा स्थानीय तहहरूमा लागु गर्न निरन्तर सहजीकण गरिएको।
- गणतन्त्र कोरिया सरकारको सहयोगमा सञ्चालन हुने Iclusive Rural Development Project (IRDB) in Bardiya Districts को Project Steering Committee र Project Implementation Unit गठन गरी आयोजनाको विधिवत सुरुवात गरिएको।
- उच्च प्रभावयुक्त सामुदायिक विकास आयोजना (HICDPs) अन्तर्गत विभिन्न स्थानीय तहबाट विभिन्न मितिमा पेस भई भारतीय राजदूतावासबाट छनौट भएका सात (७) वटा आयोजनाको त्रिपक्षीय समझदारीपत्रमा हस्ताक्षर गरिएको।

## १३. वातावरण तथा विपद् व्यवस्थापन शाखा

- देवघाट मौलाकाली केबलकार प्रा.ली. प्रस्तावक रहेको देवघाट केवलकार आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची स्वीकृत।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा स्थानीय तहको मूल्याङ्कन प्रयोजनका लागि मन्त्रालयमार्फत तयार भएको स्थानीय विपद् जोखिम सुशासन मूल्याङ्कन (Municipal Disaster Risk Governance Assessment MDRGA) तपसिलका स्थानीय तहमा तपसिलको मितिमा सम्पन्न गरिएको:

| क्र.सं. | मिति | स्थानीय तह |
|---|---|---|
| १ | २०८२/१०/०७ | चुरे गाउँपालिका, कैलाली |
| २ | २०८२/१०/०८ | घोडाघोडी नगरपालिका, कैलाली |
| ३ | २०८२/१२/०८ | छाँयानाथ रारा नगरपालिका, मुगु |
| ४ | २०८२/१२/११ | तातोपानी गाँउपालिका, जुम्ला |

- मिति २०८२/११/०४ मा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनाको सुदुरपश्चिम प्रदेशमा प्रदेश परियोजना समन्वय समितिको बैठक सम्पन्न।
- ४० माइक्रोन भन्दा पातलो प्लाष्टिकको उत्पादन, आयात, विक्रि वितरण, प्रयोग र विसर्जन सम्बन्धी प्रतिवेदन तयारीका लागि अन्तरमन्त्रालय समितिले नेपाल सरकारका सरोकारवाला मन्त्रालय/निकाय र सबै स्थानीय तहमा पत्राचार/समन्वय गरी प्राप्त विवरणहरुको विश्लेषण गर्दै प्रतिवेदन तयार गरिएको।
- मिति २०८२/१२/०८ गते मुगु जिल्लाको छाँयानाथ रारा नगरपालिका र मिति २०८२/१२/११ गते जुम्लाको तातोपानी गाँउपालिकामा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन र वातावरणमैत्री स्थानीय शासन प्रारुप कार्यान्वय सम्बन्धी एक-एक दिने कार्यशाला सम्पन्न।

## १४. क्षमता विकास शाखा

- स्थानीय तहमा हुने सोझै खरिद, उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको कार्यान्वयन मापदण्ड सम्बन्धी SOP कार्यदलको बैठकबाट स्वीकृति भई अन्तिम स्वीकृतिको चरणमा रहेको ।
- मूल्याङ्कन प्रतिवेदनमा कमजोर अवस्था देखिएका सर्लाही जिल्लाको बासबरिया गाउँपालिका र पर्सा जिल्लाको सखुवाप्रसौनी गाउँपालिकामा क्षमता विकास कार्यक्रम सम्पन्न भएको ।
- स्थानीय तहको क्षमता विकासको लागि महोत्तरी जिल्लाको महोत्तरी गाउँपालिका र धनुषा जिल्लाको सहिदनगर नगरपालिकामा आवश्यकतामा आधारित क्षमता विकास कार्यक्रम तथा स्रोत सामाग्री निर्माण सम्बन्धी अन्तरक्रिया/अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको ।
- मिति २०८२।८।२९ गते माननीय मन्त्रीस्तरको निर्णय बमोजिम यस मन्त्रालयको क्षमता विकास महाशाखा प्रमुखको संयोजकत्वमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानलाई एकिकरण गरी एउटै प्रशिक्षण केन्द्र बनाउने सम्भाव्यता अध्ययन गर्न समिति गठन गरिएकोमा उक्त समितिले मिति २०८२।११।४ मा प्रतिवेदन पेश गरेको ।

  उक्त प्रतिवेदनमा माननीय मन्त्रीज्यूबाट प्रतिष्ठानको स्वामित्व, विभिन्न स्रोतको मोडालिटी, संघीय मामिला प्रतिष्ठानको प्रस्तावित ऐनको मस्यौदा तथा प्रतिष्ठानलाई सक्षम, तालिम र अनुसन्धान केन्द्रको रुपमा विकास गर्न समावेश गर्नुपर्ने विषयहरु निर्देशनको रुपमा प्राप्त भएकोमा उल्लिखित विषयहरु समेत समावेश गरी मस्यौदा परिमार्जनका लागि यस मन्त्रालयका क्षमता विकास महाशाखा प्रमुखको संयोजकत्वमा मिति २०८२।१२।२ गते कार्यदल गठन भई कार्य भइरहेको ।

## १५. स्थानीय तह श्रोत परिचालन समन्वय शाखा

- सर्लाही जिल्लाको धनकौल गाउँपालिकामा स्थानीय तहको श्रोत परिचालन सम्बन्धी सहजीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- बारा जिल्लाको सिम्रौनगढ नगरपालिकामा स्थानीय तहको वित्तिय जोखिम न्यूनीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- धनुषा जिल्लाको धनौजी गाउँपालिका र महोत्तरी जिल्लाको एकडारा गाउँपालिकामा राजश्व सुधार कार्ययोजना तर्जुमा तथा अद्यावधिक सम्बन्धी सहजीकरण कार्यक्रम सम्पन्न भएको ।
- स्थानीय तहको श्रोत परिचालन, वित्तीय विश्लेषण तथा राजश्व सुधार कार्ययोजना सम्बन्धी कार्यदलहरुको बैठकहरु सम्पन्न गरिएको ।
- विभिन्न निकायबाट राय माग भई आएका विषयहरुमा राय प्रेषित गरिएको ।

## १६. सुशासन प्रबर्द्धन शाखा

- संसद चालु रहेको अवस्थामा संघीय संसदको दुवै सदनमा यस मन्त्रालयसँग सम्बन्धित विषयमा उठेका प्रश्नहरुको रिपोर्टिङ तथा जवाफ तयारीमा सहजीकरण गरिएको ।

- २. सूचनाको हकसम्बन्धी ऐन तथा नियमावली वमोजिम आ.व. २०८२।८३ को तेश्रो त्रैमासिकको स्वः प्रकाशन गरिएको ।
- ३. एक वटा स्थानीय तहको सूचनाको हक सम्बन्धी अनुगमन गरिएको ।
- ४. गुनासो फछ्र्यौटको अवस्था
  - अ.दु.अ.आ. – १४
  - रा.स.के. – ३
  - प्र.म.तथा म.प.को कार्यालय – २
  - अन्य – ३
  - हेलो सरकार – १३१ वटा मध्ये २४ वटा प्रक्रियामा रहेको
- ३ वटा सूचना माग कर्तालाई सूचना उपलब्ध गराइएको ।
- निलम्बन/निलम्बन फुकुवा सम्बन्धी विवरण

  निलम्बन – सहसचिव – १, उपसचिव – ६, शाखा अधिकृत - २

  निलम्बन फुकुवा – उपसचिव - १, शाखा अधिकृत – ८, लेखापाल – १
- गुनासो व्यवस्थापन केन्द्रवाट गुनासो फछ्र्यौटको अवस्था
  - गुनासो प्राप्त संख्या – १९७
  - गुनासो फछ्र्यौट संख्या – ११८
  - प्रक्रियामा रहेको - ७९

## १७. कर्मचारी कल्याण शाखा

- आ.व. २०७८/७९ देखी आ.व. २०८०/८१ सम्मका प्रतिभा डबली कार्यक्रम अन्तर्गत प्राप्त उत्कृष्ट १० मा पर्न सफल नविन सोंच/ इनोभेटिभ आइडियाको संग्रह प्रकाशन गर्ने सम्बन्धमा प्रतिभा डबली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ को दफा ६ बमोजिमको कार्यान्वयन समितिबाट वृहत छलफल गरी प्रकाशनको अन्तिम चरणमा रहेको ।
- नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा निजामती कर्मचारी अस्पताल विकास समितिको बैठक सञ्चालन र व्यवस्थापन एवं आवश्यक समन्वय गरिएको ।साथै अस्पतालको सञ्चालन र व्यवस्थापनमा नियमित सहजिकरण गरिएको ।
- निजामती कर्मचारी अस्पतालमा मेडिकल साइक्लोट्रोन (Cyclotron) स्थापना गर्ने सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट राय माग गरकोमा राय उपलब्ध गराएको ।
- निजामती कर्मचारीहरुको लागि मनोसामाजिक परामर्श कार्यक्रमको बजेट बाँडफाड गरी कार्यक्रम सञ्चालनको प्रक्रियामा रहेको ।
- निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने कार्यक्रम अन्तर्गत १५ दिन म्याद दिई मिति २०८२/१२/०१ गते सूचना प्रकाशन तथा सर्वोच्च अदालत, संघीय मन्त्रालय/सचिवालय/आयोग/कार्यालय, प्रदेश प्रमुखको कार्यालय/मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र

स्थानीय तहहरुमा जानकारीको लागि पत्राचार गरेको। म्याद भित्र पेश हुन आएका ८४८ वटा आवेदनहरुको प्रारम्भिक रुजु सम्पन्न गरिएको ।

- शैक्षिक प्रोत्साहन वृत्ति प्राप्त गरी अध्ययन गरिरहेका निजामती कर्मचरीका सन्ततिहरुको अध्ययन सम्बन्धमा अनुगमन गरी निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७८ (पहिलो संशोधन २०७९ सहित) को दफा १८ बमोजम शैक्षिक प्रोत्साहन वृत्ति रद्द भएका सन्ततिहरुबाट ऐ. निर्देशिकाको दफा २४ बमोजिम चालु आ.व. मा हालसम्म रू. २१,७६,४८४/- (अक्षेरुपी एक्काइस लाख छ्हत्तर हजार चार सय चौरासी रुपैंया मात्र) फिर्ता भएको र अध्ययन छाडेका तर फिर्ता नगरेका सन्ततिहरुको सम्बन्धमा असुलउपर गर्न सम्बन्धित कार्यालयमा पत्राचार गरेको ।
- निजामती कर्मचारीको कल्याण र हक हितको लागि नियमित गुनासाहरु सम्बोधन गरिएको ।

## १८. मानव संसाधन योजना शाखा

- केन्द्रीय छात्रवृत्ति समितिको ८ वटा बैठक बसी विभिन्न मुलुकबाट प्राप्त छात्रवृत्तिका अवसरहरू मन्त्रालय /निकायहरूलाई समन्यायिक ढँगले बाँडँफाँट गरिएको।
- वार्षिक रुपमा उल्लेखनीय संख्यामा अवसर प्राप्त हुने गरेका JDS, Aus-Aid, Koica लगायतका वैदेशिक छात्रवृत्तिमा कार्यक्रममा अध्ययन सम्पन्न गरेका कर्मचारीको विवरण संकलन गरी अभिलेखीकरण गरिएको।
- विभिन्न मूलुकबाट प्राप्त छात्रवृत्ति कार्यक्रममा आवेदन गर्न गरेका कर्मचारीहरूलाई पूर्वस्वीकृति प्रदान गरिएको।
- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान मार्फत रा.प. तृतीय श्रेणी वा सो सरहका विभिन्न निकायका २५ जना अधिकृतहरूलाई सेवाकालिन तालिमको लागि समन्वय गरीएको, रा.प. द्वितीय श्रेणी वा सो सरहका विभिन्न निकायका ५० जना अधिकृतहरूलाई सेवाकालिन तालिमको लागि समन्वय गरिएको। यस मन्त्रालय अन्तर्गत कार्यरत राजपत्राङ्कित तृतीय श्रेणीको एक जना र राजपत्राङ्कित द्वितीय श्रेणीको दुई जना कर्मचारी मनोनयन गरिएको।
- विभिन्न सेवा/समूहका रा.प. द्वितीय श्रेणीमा बढुवा सिफारिस भएका नवनियुक्त ११६ जना कर्मचारीहरूलाई नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान मार्फत एक हप्ते (पाँच कार्यदिन)को अभिमुखीकरण तालिम प्रदान गर्न गरिएको।

## १९. प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा

| क्र.सं. | क्रियाकलाप | कार्यान्यन अवस्था | कैफियत |
|---|---|---|---|
| १ | व्यवस्थापन परीक्षण तर्फ | आर्थिक वर्ष २०८२/८३ मा ३० वटा सङ्घीय निकायको व्यवस्थापन परीक्षण गर्नुपर्नेमा २३ वटा निकायहरूमा प्रारम्भिक बैठक सम्पन्न, १२ वटा निकायहरूमा व्यवस्थापन परीक्षण भई प्रमाण संकलनको चरणमा रहेको, २ वटा निकायबाट व्यवस्थापन परीक्षणको संकलित प्रमाण प्राप्त भई | |

| | | | |
|---|---|---|---|
| | | व्यवस्थापन परीक्षण भईरहेको र १७ वटा निकायको व्यवस्थापन परीक्षण सम्पन्न भएको। | |
| २ | सेवाग्राही सन्तुष्टी सर्वेक्षण तर्फ | पर्सा जिल्लाका ५ कार्यालयहरु (जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, आन्तरिक राजस्व कार्यालय र भन्सार कार्यालय), गुल्मी जिल्लाका २ कार्यालयहरु (जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय), अर्घाखाँची जिल्लाका २ कार्यालयहरु (जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय), कैलाली जिल्लाका ३ कार्यालयहरू (जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालय ), कञ्चनपुर जिल्लाका ३ कार्यालयहरू (जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालय) गरी जम्मा १५ वटा कार्यालयमा सेवाग्राही सन्तुष्टी सर्वेक्षण सम्पन्न भएको। | |
| ३ | प्रशासन जर्नल तर्फ | प्रशासन जर्नलको १४२ औं अङ्क प्रकाश भई वितरणको भईरहेको र १४३ औं अङ्क प्रकाशनका लागि प्राप्त लेख रचना छनौट गरी विषयविज्ञ समीक्षा गर्न विषयविज्ञ समक्ष पेश गरिएको। | |
| ४ | दशवर्षे रणनीतिक योजना तर्फ | दशवर्षे रणनीतिक योजनाको शाखासँग सम्बन्धित सूचकको प्रगती तयार गरिएको। | |
| ५ | अन्य कार्य | मन्त्रालय र मातहत निकायको तत्काल सुधार कार्ययोजना तर्जुमा भई प्रगती एकिकृत गर्ने कार्य गरेको। | |

## २०. तराई-मधेश समृद्धि कार्यक्रम

| सि.नं. | मुख्य क्रियाकलाप | प्रगति |
|---|---|---|
| १ | अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने | मिति २०८२।१०।६ र ७ गते तराइ-मधेश कार्यक्रम सञ्चालन भएका मधेश प्रदेश तथा मिति २०८२।१०।१३ र |

| | | |
|---|---|---|
| | | १४ गते गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका स्थानीय तहहरुका प्रमुख प्रशासकीय अधिकृत र योजना शाखा प्रमुखहरुको सहभागितामा २ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको । |
| २ | तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने | विभिन्न ठाउँहरुमा भएका अभिमुखिकरण/अन्तरक्रिया कार्यक्रमबाट प्राप्त पृष्ठपोषण अनुरुप तयार गरिएको तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ मिति २०८२।११।१ मा स्वीकृत गरिएको । |
| ३ | आ.व. २०८३।८४ मा सञ्चालन हुने आयोजना/कार्यक्रमहरुको सूचना प्रकाशन गर्ने । | मिति २०८२।११।२५ गते तराइ-मधेश समृद्धि कार्यक्रम, केन्द्रिय समन्वय इकाई र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाईट मा सार्वजनिक सूचना प्रकाशन गरि आयोजना प्रस्ताव माग गरिएको । |
| ४ | अनुगमन तथा मुल्याङ्कन गर्ने | मन्त्रालय तथा तराई-मधेश समृद्धि कार्यक्रमवाट अनुदान प्रदान भई कार्यान्वयन भएका विभिन्न परियोजनाहरुको अनुगमन भइरहेको । |

## २१. प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम

- स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीको सम्बन्धमा जिल्ला समन्वय अधिकारीहरुको अभिमुखीकरण सम्पन्न भई प्रणालीमा स्थानीय तहहरुबाट प्रविष्टि र जिल्ला समन्वय अधिकारीहरुबाट पृष्ठपोषण प्रदान गर्ने कार्य भैरहेको। यसका साथै प्रणालीको बारेमा नेपाली, अग्रेजी र मैथली भाषामा समेत user manual, इन्फोग्राफिक्स, र श्रव्य दृश्य सामग्रीहरू तयार गरिएको ।
- कर्मचारी व्यवस्थापन सूचना प्रणाली (Personnel Management Information System-PMIS) को आर्किटेक्चर तयार गर्ने कार्य PLGSP को आर्थिक र प्राविधिक सहयोगमा प्रारम्भ भएको।
- सरुवा व्यवस्थापन प्रणाली (Transfer Management System) र कर्मचारी विवरण प्रणाली (PIS) को तथ्याङ्कसँग अन्तरआवद्ध (interoperable) गर्न सहयोग भैरहेको।

- मन्त्रालय र स्थानीय तहको एकिकृत वेबसाइट व्यवस्थापन प्रणाली थप परिष्कृत बनाउनका लागि सुचना प्रविधि विभाग (DoIT) र मन्त्रालयको बीच MoU सम्पन्न भई कार्य प्रारम्भ भएकोमा PLGSP मार्फत आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराईएको ।
- १२ वटा स्थानीय तहमा एकद्वार सेवा प्रवाह' (OSSD) केन्द्रको कार्यान्वयनको अवस्था बारेमा स्थलगत अध्ययन गरी एकद्वार सेवा प्रवाह (OSSD) केन्द्र संचालनका लागि मार्गदर्शनको मस्यौदा तयार भएको।
- प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन स्वीकृत भएको ।
- महालेखा नियन्त्रकको कार्यालय मार्फत SUTRA, PAMS, CGAS, IPFMS, EFT को संचालन तथा व्यवस्थापनमा सहयोग भैरहेको।
- सार्वजनिक सेवा प्रदायक कार्यालयहरूको सेवा प्रवाहमा देखिएका समस्याहरूको विश्लेषण गरी यसलाई थप प्रभावकारी बनाउन अध्ययन गरी प्रतिवेदन प्राप्त गर्ने कार्य PLGSP को आर्थिक र प्राविधिक सहयोगमा सम्पन्न भएको।
- २३ वटा नवप्रवर्तन साझेदारी परियोजना (IPF) कार्यक्रम कार्यान्वयनमा रहेको ।

## १०. सूचना अधिकारी, प्रवक्ता, सहायक प्रवक्ता, गुनासो सुन्ने अधिकारी र प्रमुखको नाम र पद

| | |
|---|---|
| प्रमुख | सचिव श्री चन्द्रकला पौडेल |
| प्रबक्ता | सहसचिव श्री निता पोखरेल अर्याल |
| सूचना अधिकारी | उपसचिव श्री विवेक घिमिरे |

## ११.आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

आ व २०८२।८३ को २०८२ चैत्र मसान्त सम्मको बजेट र खर्चको प्रगति (रु हजारमा)

| क्र.स. | बजेट उपशीर्षक | बजेट (रु.) | | | खर्च (रु.) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ६१७८६२ | ५२९४९ | ६७०८१२ | १३३६५१ | ३८८४ | १३७५३५ | २१.६३ | ७.३४ | २०.५ |
| २ | अतिरिक्त समूह | ४०५१९१ | ० | ४०५१९१ | २९२६६७ | ० | २९२६६७ | ७२.२३ | - | ७२.२३ |
| ३ | संघीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम | २३०० | ० | २३०० | ० | ० | ० | ० | - | ० |
| ४ | जिल्ला समन्वय समितिको कार्यालयहरु | १३८२३०९ | ० | १३८२३०९ | ८५३०२८ | ० | ८५३०२८ | ६१.७१ | - | ६१.७१ |
| ५ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ८८१०० | ० | ८८१०० | १३३३७ | ० | १३३३७ | १५.१४ | - | १५.१४ |
| ६ | तराई मधेस समृद्धि कार्यक्रम | १६०१० | २८६७०० | ३०२७१० | ८६३३ | ६०० | ९२३३ | ५३.९२ | ०.२१ | ३.०५ |
| ७ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ९१५३१० | २८६०० | ९४३९१० | २१२०६९ | ७९५० | २२००१९ | २३.१७ | २७.८ | २३.३१ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | उत्तरीक्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम | ५०० | ० | ५०० | ० | ० | ० | ० | - | ० |
| ९ | साना विकास परियोजना | ५०५०० | ० | ५०५०० | ० | ० | ० | ० | - | ० |
| १० | नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम | १००५०० | ० | १००५०० | ० | ० | ० | ० | - | ० |
| ११ | हिमाली क्षेत्र आयोजना सहायता कार्यक्रम | ३६८८०० | ० | ३६८८०० | ० | ० | ० | ० | - | ० |
| १२ | उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकरण कार्यक्रम | ४८५६०० | ० | ४८५६०० | ६५२ | ० | ६५२ | ०.१३ | - | ०.१३ |
| १३ | जलवायु परिवर्तन स्थानीय अनुकूलन कार्यक्रम | १७२१५२ | ६६६८४८ | ८३९००० | ० | ४३९ | ४३९ | ० | ०.७ | ०.०५ |
| १४ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम | ७२४२०० | ० | ७२४२०० | ० | ० | ० | ० | - | ० |
| १५ | निजामती किताबखाना | ७७७२६ | ९४७०० | १७२४२६ | ४०८८७ | १२८२ | ४२१६९ | ५२.६ | १.३५ | २४.४६ |
| १६ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | १०८३०० | १९०० | ११०२०० | ६०३३२ | १८५४ | ६२१८६ | ५५.७१ | ९७.५८ | ५६.४३ |
| १७ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २२४६०० | ० | २२४६०० | १२३७६५ | ० | १२३७६५ | ५५.१ | - | ५५.१ |
| १८ | आदिवासि / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | १०९१०० | १९०० | १११००० | ५२५०६ | ८४९ | ५३३५४ | ४८.१३ | ४४.६७ | ४८.०७ |
| १९ | निजामती कर्मचारी अस्पताल विकास समिति | ६४१४०० | ० | ६४१४०० | ४७६५० | ० | ४७६५० | ७.४३ | - | ७.४३ |
| | जम्मा | ६४९०४६२ | ११३३५९७ | ७६२४०५९ | १८३९१७७ | १६८५८ | १८५६०३४ | २८.३४ | १.४९ | २४.३४ |

## १२.सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण

मन्त्रालयका अधिकांश परिपत्र र सूचनाहरु मन्त्रालयको वेवसाईट www.mofaga.gov.np मा नियमित प्रकाशन हुने गरेको, प्रत्येक स्थानीय तहको छुट्टाछुट्टै पोर्टल निर्माण गरि स्थानीय तहको पोर्टलमा समेत पठाउने गरिएको । साथै, विभाग, समिति, प्रतिष्ठान र स्थानीय तहहरुका सूचनाहरु तत् तत् निकायहरुमा प्रकाशित हुने गरेको छ।

## १३. मन्त्रालय/निकायमा परेको सूचना माग सम्बन्धी निवेदन

आ.ब. २०८२/८३ को यस त्रैमासिकमा प्राप्त सूचना माग सम्बन्धी निवेदनको आधारमा ३ वटाको सूचना उपलब्ध गराइएको ।

## १४. मन्त्रालयले गरेका सूचना सम्बन्धी थप कामहरु

- ७५३ स्थानीय तहहरुलाई आन्तरिक संचारको लागि Mofaga Portal विकास गरि वेवसाईट संग आबद्ध गरिएको ।
- आन्तरिक संचारको लागि बल्क ईमेल तथा वेव एसएमएस सिस्टम विकास गरि वेवसाईट संग आबद्ध गरिएको ।
- पोर्टल संचालनको लागि ७५३ स्थानीय तहहरुलाई युजर नेम र पासवर्ड उपलव्ध गराई सम्बन्धित स्थानीय तहको विवरण अद्यावधिक गराउने कार्य गरिएको ।

## १५. मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन

नियमित प्रकाशन गर्ने गरेको छ ।

## १६. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण

यस मन्त्रालय अन्तर्गतका संरक्षण गर्नु पर्ने सूचनाहरुको वर्गीकरण गरी सो सम्बन्धी विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने प्रक्रियामा रहेको ।

## १७. ऐन, नियम तथा निर्देशिकाको सूचि

- आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८
- कर्मचारी समायोजन ऐन, २०७५
- ट्रेड युनियन ऐन,२०४९
- निजामती सेवा ऐन, २०४९
- नेपाल प्रशासनिक प्रशिक्षण ऐन, २०३९
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
- स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- कर्मचारी समायोजन नियमावली, २०७४
- ट्रेड युनियन नियमावली, २०५०
- निजामती कर्मचारी कल्याणकारी कोष नियमावली, २०७२
- निजामती कर्मचारी योगदान कोष (सञ्चालन) नियमावली, २०६९
- निजामती सेवा नियमावली, २०५०
- निजामती सेवाका कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५
- नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१
- नेपाल इन्जिनियरिङ्ग सेवा (गठन, समुह तथा श्रेणी विभाजन र नियुक्ति)
- नेपाल प्रशासन सेवा (गठन, समुह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०

- नेपाल विविध सेवा (गठन, समुह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५०

नोटः प्रस्तुत विवरण सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंको वेवसाइट www.mofaga.gov.np मा समेत हेर्न सकिन्छ ।